# विद्युत् नियमन आयोग जरिबाना सम्बन्धी निर्देशिका, २०८३

(आयोगको मिति २०८३/०६/०२ को ३२०औं बैठकबाट स्वीकृत)

विद्युत् नियमन आयोग

काठमाडौँ

# विद्युत् नियमन आयोग जरिबाना सम्बन्धी निर्देशिका, २०८३

(आयोगको मिति २०८३।०६।०२ को ३२०औं बैठकबाट स्वीकृत)

प्रस्तावना: विद्युत् नियमन आयोग ऐन २०७४ को दफा १९ बमोजिम जरिबाना सम्बन्धी व्यवस्थालाई नियमित र व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

विद्युत् नियमन आयोग ऐन, २०७४ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरी आयोगले देहायको निर्देशिका बनाएको छ।

परिच्छेद - १

प्रारम्भिक

१. संक्षिप्त नाम तथा प्रारम्भ: (१) यो निर्देशिकाको नाम "विद्युत् नियमन आयोग जरिबाना सम्बन्धी निर्देशिका, २०८३" रहेको छ।

(२) यो निर्देशिका आयोगबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. परिभाषा: (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो निर्देशिकामा :-,

(क) "आर्थिक वर्ष" भन्नाले श्रावण एक गते सुरू भई असार मसान्तमा समाप्त हुने बाह्र महिनाको अवधि सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले विद्युत् नियमन आयोग ऐन, २०७४ बमोजिम स्थापना भएको विद्युत् नियमन आयोग सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले विद्युत् नियमन आयोग ऐन, २०७४ सम्झनु पर्छ।

(घ) "नियमावली" भन्नाले विद्युत् नियमन आयोग नियमावली, २०७५ सम्झनु पर्छ।

(ङ) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले विद्युत्को उत्पादन, प्रसारण, वितरण वा व्यापार गर्ने प्रचलित कानून बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्था सम्झनु पर्छ।

परिच्छेद - २

जरिबाना सम्बन्धी व्यवस्था

३. <u>जरिबाना गर्न सक्नेः</u> विद्युत् नियमन आयोग २०७४को दफा १९ बमोजिम आयोगले देहायको विषयमा रू.पाँच लाख सम्म जरिबाना गर्न सक्नेछः-

(क) दफा १७ को उपदफा (३) र दफा ३७ बमोजिमको आदेश वा निर्देशन पालना नगरेमा ,
(ख) दफा १८ को उपदफा (२) बमोजिमको निर्णय वा यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम बमोजिमको कुनै विषय पालना नगरेमा,
(ग) अनुमति प्राप्त व्यक्तिले पूर्व सूचना नदिई विद्युत् सेवा अवरुद्ध गरे वा गराएमा।

४. <u>आदेश वा निर्देशन पालना गर्नुपर्ने</u>: (१) अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत् नियमन आयोग ऐन २०७४ को दफा १७ को उपदफा(३) बमोजिम र दफा ३७ बमोजिमको आदेश वा निर्देशन आयोगले तोके बमोजिमको समयावधिभित्र पालना गर्नुपर्नेछ।

(२) उपदफा(१) बमोजिमको समयावधिभित्र आदेश वा निर्देशन पालना नगरेमा आयोगले देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः-

(क) पहिलो पटक ताकेता गरिएको अवस्थामा रू. एक लाख,
(ख) दोस्रो पटक ताकेता गरिएको अवस्थामा रू. दुई लाख,
(ग) तेस्रो पटक वा सो भन्दा बढी ताकेता गरिएको अवस्थामा रू. पाँच लाख।

५. <u>निर्णय कार्यान्वयन गर्नुपर्नेः</u> (१) अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत् नियमन आयोग ऐन २०७४को दफा १८ को उपदफा(२) बमोजिमको निर्णय आयोगले तोके बमोजिमको समयावधिभित्र कार्यान्वयन गर्नुपर्नेछ।

(२) उपदफा(१) बमोजिमको निर्णय तोकिएको समयावधिमा कार्यान्वयन नगरेमा आयोगले देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः-

(क) पहिलो पटक ताकेता गरिएको अवस्थामा रू. एक लाख,
(ख) दोस्रो पटक ताकेता गरिएको अवस्थामा रू. दुई लाख,
(ग) तेस्रो पटक वा सो भन्दा बढी ताकेता गरिएको अवस्थामा रू. पाँच लाख ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा १८ को उपदफा(२) बमोजिमको निर्णय उपर पुनरावेदन परेको भएमा मुद्दाको अन्तिम किनारा नभएसम्म आयोगले निर्णय कार्यान्वयन नभएको विषयमा जरिबाना गर्न सक्ने छैन।

६. <u>सुचना नदिई विद्युत् सेवा अवरुद्ध गर्न नहुने</u> : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले पूर्व सूचना

प्रकाशन पश्चात मात्र विद्युत् सेवा अवरुद्ध गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको पूर्व सूचना नदिई विद्युत् सेवा अवरुद्ध गरे वा गराएको विषयमा आयोग समक्ष गुनासो वा निवेदन परेमा आयोगले देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः-

(क) कुनै एक वितरण केन्द्रले पूर्व सूचना नदिई विद्युत् सेवा अवरुद्ध गरे वा गराएमा त्यस्तो अनुमतिपत्र व्यक्तिलाई एक आर्थिक वर्षभित्रमा पहिलो पटक रू.एक लाख,
(ख) कुनै एक वितरण केन्द्रले पूर्व सूचना नदिई विद्युत् सेवा अवरुद्ध गरे वा गराएमा त्यस्तो अनुमतिपत्र व्यक्तिलाई एक आर्थिक वर्षभित्रमा दोस्रो पटक रू.दुई लाख,
(ग) कुनै एक वितरण केन्द्रले पूर्व सूचना नदिई विद्युत् सेवा अवरुद्ध गरे वा गराएमा त्यस्तो अनुमतिपत्र व्यक्तिलाई एक आर्थिक वर्षभित्रमा तेस्रो पटक वा सो भन्दा बढी भएमा रू. पाँच लाख।

(३) उपदफा (१) र (२)मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुमतिपत्र प्राप्त व्यक्तिले देहायको अवस्थामा पूर्व सूचना नदिई विद्युत् सेवा अवरुद्ध हुन गएमा जरिबाना लाग्ने छैनः-
(क) बाढी पहिरो, भूकम्प, आगलागी, हावाहुरी जस्ता दैवी प्रकोप वा हडताल, तालाबन्दी, दङ्गा वा अन्य यस्तै काबु बाहिरको कुनै असाधारण परिस्थिति आइपरेमा,
(ख) कुनै ग्राहकले अनाधिकृत तवरले विद्युत् उपभोग गरेमा वा सर्त विपरीत विद्युत् सेवा उपभोग गरेमा त्यस्तो ग्राहको हकमा।

७. <u>पूर्व स्वीकृति लिनुपर्ने</u>: (१)अनुमतिपत्र प्राप्त व्यक्तिले यस ऐन, नियमावली, आयोगबाट जारी विनियमावली, निर्देशिका अनुसार अनुसूची-१ मा उल्लेखित र आयोगको अनुमति वा पूर्व स्वीकृति लिनुपर्ने भनी तोकिएको अन्य कुनै पनि विषयमा अनुमति वा पूर्व स्वीकृति लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति वा पूर्व स्वीकृति नलिएमा आयोगले देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः-

(क) पहिलो पटक अनुमति वा पूर्व स्वीकृति नलिएको अवस्थामा रू. एक लाख,
(ख) दोस्रो पटक अनुमति वा पूर्व स्वीकृति नलिएको अवस्थामा रू. दुई लाख,
(ग) तेस्रो पटक वा सो भन्दा बढी अनुमति वा पूर्व स्वीकृति नलिएको अवस्थामा रू. पाँच लाख।

## परिच्छेद - ३

## विविध

८. <u>स्पष्टीकरण माग गर्नुपर्नेः</u> आयोगले ऐन र यस निर्देशिका बमोजिम जरिबाना गर्नु पूर्व सम्बन्धित निकायलाई स्पष्टीकरण पेश गर्ने मौका दिनुपर्नेछ।

९. <u>बाधा नहुनेः</u> यस निर्देशिकामा अन्यथा जुनसुकै कुरा लेखिएको भएतापनि आयोगले कुनै विषयमा जरिबाना निर्धारण गर्दा कसुरको मात्रा र गम्भीरतालाई मध्यनजर गरी पहिलो पटकमा नै रू. पाँच लाख जरिबाना गर्न कुनै पनि बाधा पर्ने छैन।

१०. <u>व्याख्याको अधिकार</u>: यस निर्देशिकाको व्याख्या गर्ने अधिकार आयोगमा निहित रहनेछ।

११. <u>बाधा समाधान गर्ने अधिकार</u> : यो निर्देशिकाको कार्यान्वयनको क्रममा कुनै बाधा उत्पन्न भएमा ऐन तथा नियमावलीको विपरीत नहुने गरी त्यस्तो बाधाको समाधान गर्ने अधिकार आयोगलाई हुनेछ।

## अनुसूची-१

**(दफा ७ सँग सम्बन्धित)**

पूर्व स्वीकृति/सहमति लिनुपर्ने विषयहरू

१. विद्युत् खरिद बिक्री दरको निर्धारण तथा विद्युत् खरिद बिक्री सम्झौता/संसोधनको सहमति,

२. शेयर संरचनामा पाँच प्रतिशत भन्दा बढी परिवर्तन,

३. शेयरको सार्वजनिक निष्कासन,

४. शेयरको प्रारम्भिक निष्कासन,

५. आयोजना निर्माणको लागि हकप्रद शेयरको सार्वजनिक निष्कासन,

६. निर्माणाधीन आयोजनाकोलागि हकप्रद शेयर निष्कासन,

७. अन्य प्रयोजनको लागि शेयरको सार्वजनिक निष्कासन,

८. पाँच प्रतिशत भन्दा बढी बोनस शेयर प्रदान,

९. अनुमतिपत्र प्राप्त व्यक्ति एक आपसमा वा अन्य संगठित संस्थासँग गाभिन,

१०. अनुमतिपत्र प्राप्त व्यक्ति आपसमा वा अन्य संगठित संस्थासँग विद्युत् उत्पादन/प्रसारण/वितरण/व्यापार सम्बन्धी कार्य गर्नका लागि मिल्न,

११. शेयर खरिद बिक्री,

१२. आयोजना/संरचनाको खरिद बिक्री (सेल अफ प्लान्ट ) वा हस्तान्तरण,

१३. अनुमतिपत्र प्राप्त व्यक्ति वा अन्य संगठित संस्थाले अनुमतिपत्र प्राप्त व्यक्तिको विद्युत् उत्पादन, प्रसारण, वितरण वा व्यापार आयोजना प्राप्ति (एक्वीजिशन) वा ग्रहण (टेकओभर),

१४. महसुल निर्धारण तथा पुनरावलोकन।